

# बालयौन दुर्व्यवहार बारे जानकारी

**बालयौन दुर्व्यवहारबाट बच्न संरक्षणका सीप जानी राखौं ।**

**बाल दुर्व्यवहार के हो ?**
कुनै पनि बालबालिकालाई अभिभावक तथा आफन्तजनबाट कुनै प्रकारको गतिविधिद्वारा चोटपटक पुग्ने वा मृत्युसम्म हुन सक्ने, भावनात्मक चोट पुऱ्याउने तथा गम्भीर प्रवृतिको जोखिम पुऱ्याउने कामलाई बाल दुर्व्यवहार भन्दछन् । बाल दुर्व्यवहारमा यौन दुराचार तथा दुर्व्यवहार, बेवास्ता, शारीरिक दुर्व्यवहार, शोषण तथा भावनात्मक दुर्व्यवहार पर्दछन् ।

**बालयौन दुर्व्यवहार भनेको के हो ?**
कुनै वयस्क, पाको मानिस वा ठूलो बालबालिकाले सानो बालबालिकामाथि यौन आसय झल्किने गरी गरिने व्यवहार नै बालयौन दुर्व्यवहार हो ।

**बालयौन दुर्व्यवहार कसरी हुन सक्छ ?**
बालयौन दुर्व्यवहार जबरजस्ती मात्र नभएर माया गरेको जस्तो गरेर पनि हुन सक्छ । साना बालबालिकाले माया हो की दुर्व्यवहार हो अर्थात् खेलेको भन्ने नबुझ्न सक्छन् । त्यस्तो बेला बालबालिका झन् दुर्व्यवहारमा पर्न सक्छन् ।

**माया के हो ? दुर्व्यवहार के हो ? छुट्याउन सक्नु पर्छ ।**
प्यारा भाइबहिनीहरू, माया र दुर्व्यवहारलाई छुट्याउन सक्यो भने दुर्व्यवहारबाट बच्न सकिन्छ ।

**माया र दुर्व्यवहार**
माया व्यक्त गर्ने विभिन्न तरिकामध्ये छोएर वा मुसारेर पनि हो । तर यही तरिका दुर्व्यवहार गर्न पनि प्रयोग हुन सक्छ । त्यसैले हामीले माया र दुर्व्यवहार बीचको भिन्नता थाहा पाउनु पर्दछ ।

**माया गरेको छुवाइ**
आफ्ना आमा बाबु, अभिभावक वा साथीभाइले माया व्यक्त गर्ने छोएको छुवाइ माया गरेको छुवाइ हो । यसरी छोएर वहाँहरूले सुरक्षित भएको आश्वस्त पार्न प्रयोग गर्नुहुन्छ । यसरी छुँदा वा मुसार्दा हामी राम्रो र सुरक्षित महशुस गर्दछौं । यस्तो छुवाइले हामीलाई अप्ठेरो महशुश हुँदैन । माया गरेर छुँदा छुने व्यक्तिले सबैका अगाडि गर्छ ।

**दुर्व्यवहारको छुवाइ**
नचिनेको वा अलिअलि चिनेको मानिसले तपाईलाई कुनै बहानामा उसको घरमा बोलाएर तथा गाडीमा घुम्न जाउँ भन्ने, मिठाई, पैसा, खेलौना दिँदै, परिवार वा साथी नभएका बेला फोटो खिच्न खोज्ने,

अप्ठ्यारो किसिमले छुन खोज्ने तथा देखाउन नहुने गोप्य अङ्गहरू देखाउने वा छुन लगाउने आदि गतिविधि दुर्व्यवहारको छुवाइअर्न्तगत पर्दछन् ।

- दुर्व्यवहारको आशयले छुने बित्तिकै हामीलाई रिस उठ्ने र घृणा लाग्ने हुन्छ ।
- यसरी छोएपछि दुर्व्यवहार गर्नेले यो कुरालाई लुकाउनु भन्न सक्छन् ।
- यसरी दुर्व्यवहारको आशयले छोएपछि उपहारहरू दिन सक्छन् ।
- आफूले छोएको कुरा लुकाउनलाई धम्क्याउन वा डर त्रास देखाउन सक्छन् ।
- दुर्व्यवहारयुक्त छुवाइमा छुनेले लुकेर वा एकान्तमा गर्न सक्छ ।

यौन दुर्व्यवहारबाट बच्नु र संरक्षण प्राप्त गर्नु बालबालिकाको अधिकार हो । हामी सबैले आफ्नो शरीरमा आफ्नो अधिकार हुन्छ भन्ने बुझ्नु पर्दछ । बालयौन

दुर्व्यवहारबाट बच्न बालबालिकाले तलका कुराहरूमा पनि ध्यान दिनु पर्दछ :

- एक्लै चिनेको वा नचिनेको मानिससँग एकान्तमा डुल्न नजानुहोस् ।
- एक्लै चिनेको वा नचिनेको मानिसले दिएका खाना/चकलेट नखानुहोस् ।
- घरमा एक्लै भएका बेला चिनेका वा नचिनेका मानिसहरूलाई भित्र नलानुहोस् ।
- कसैले फोटो खिच्न खोज्यो भने नाइँ भन्नुहोस् ।
- इन्टरनेट र एस.एम.एस प्रयोग गरी अनावश्यक रूपमा कसैलाई पनि साथी बनाएर नजिकको सम्बन्ध कायम नगर्नुहोस् ।
- तपाईंलाई मन नपर्ने गरी तपाईंमाथि अपशब्द प्रयोग गर्ने वा तपाईंको शरीरमा चलाउने खेलाउने गरेमा त्यसको विरोध गर्नुहोस् र आफ्नो नजिकको साथी, अभिभावक तथा शिक्षकलाई भन्नुहोस् ।

तपाईंको शरीरमा तपाईंको अधिकार हुन्छ, कसैले चलाउन वा खेलाउने अधिकार छैन । तपाईंले जानेका कुरा तपाईंले आफू भन्दा साना भाइबहिनीलाई पनि सिकाउन सक्नुहुन्छ ।

## सचेत बनौं र नाइँ भनौं

बालयौन दुर्व्यवहारबाट बच्न आफू पनि सचेत हुनु पर्दछ । बालयौन दुर्व्यवहारबाट बच्नको लागि केही व्यवहारिक ज्ञान र सीप बारे पनि जानकारी लिनु पर्दछ । यौन दुर्व्यवहारका बारेमा केही गलत धारणा पनि छन् । तसर्थ त्यस्ता भ्रमहरू बारेमा पनि जानकारी प्राप्त गर्नु पर्दछ र त्यसको बारेमा प्रष्ट हुनु पर्दछ । यौन दुर्व्यवहारका घटनाहरू जहाँ पनि हुन सक्छन् । त्यसैले केही व्यवहारिक ज्ञान र सीप बारे पनि यहाँ चर्चा गरौं ।

➢ यदि तपाईंको छिमेकी वा अन्य व्यक्तिले तपाईंलाई कुनै बहानामा उसको घरमा बोलायो भने

✓ तपाईं चिनेको व्यक्ति छिमेकी वा आफन्तको घरमा जान सक्नु हुन्छ, तर त्यो घरमा एक्लो व्यक्ति मात्र छ र त्यसले तपाईंलाई छुन चलाउन खोज्दछ भने विरोध गर्नुहोस् र घर फर्किहाल्नुहोस् ।

➢ यदि तपाईंसँग कसैले छाडा व्यवहार गर्छ र त्यो कुरा कसैलाई नभन भनेर धम्क्याउँछ भने

✓ यसमा तपाईंको कुनै दोष हुँदैन, त्यसैले आफूलाई विश्वास लागेको व्यक्तिलाई भन्नुहोस् र त्यसका विरूद्ध उजुरी गर्नुहोस् । तपाईंलाई सहयोग गर्ने प्रहरी र संघ संस्था तपाईंको साथमा छ ।

- यदि नचिनेको वा अलिअलि चिनेको मानिसले तपाईंलाई गाडीमा घुम्न जाउँ भन्यो, मिठाई, पैसा, खेलौना दियो, परिवार वा साथी नभएका बेला फोटो खिच्न खोज्यो र तपाईंलाई असजिलो हुने गरी चलायो भने
  - ✓ अस्विकार गर्नुहोस्, त्यहाँबाट अन्यत्र सुरक्षित ठाउँमा जानुहोस्, आफू भन्दा ठूलाले भनेका सबै कुराहरूलाई तपाईंले मान्नै पर्छ भन्ने हुँदैन । तपाईंलाई अप्ठ्यारो लाग्ने कुरालाई नाइँ भन्नुपर्छ । आफूलाई नचिनेका मान्छे वा अलिअलि चिनेका मान्छेसँग आफ्ना परिवारका भित्री कुरा नगर्नुहोस् ।

- यदि नचिनेको वा चिनेको जुनसुकै मानिसले तपाईंलाई अप्ठ्यारो किसिमले छुन खोज्यो भने वा देखाउन नहुने गोप्य अङ्गहरू देखायो वा छुन लगायो भने
  - ✓ नाइँ भन्नुहोस्, प्रतिकार गर्नुहोस्, तपाईंको शरीरका अङ्गहरू तपाईंलाई अप्ठ्यारो लाग्ने गरी छुने, हेर्ने अधिकार कसैलाई पनि छैन ।

- कसैले तपाईंलाई एकान्तमा सिनेमा वा कुनै भिडियो हेरौं भन्छ वा तपाईं कम्प्यूटर र मोबाइल चलाउनु हुन्छ भने
  - ✓ चिनेकै वा नचिनेका वा परिवारका नजिकैका व्यक्तिले नै भने पनि एकान्तमा कम्प्यूटर चलाउँ, भिडियो हेरौं भन्यो भने ख्याल गर्नुहोस् त्यहाँ अश्लिल खालका फिल्म पनि हुन सक्छन् । कसैसँग एक्लै बसेर त्यस्तो खालको सिनेमा नहेर्नु होस् ।
  - ✓ कम्प्युटर तथा इन्टरनेट चलाउँदा ख्याल गर्नुहोस् । जुन पाए त्यो वेबसाइटमा नजानुहोस्, कम्प्युटरमा कसैले गेम खेल्ने भनेर अश्लिल खालका कार्टून तथा फिल्म दिन सक्छ, त्यस्ता कुरालाई नकार्नुहोस् । र परिवारमा कुरा गर्नुहोस् ।
  - ✓ फेसबुक चलाउँदा जो पायो त्यही अर्थात् नचिनेको व्यक्तिलाई साथी नबनाउनुहोस् ।
  - ✓ फेसबुकमा आफ्ना व्यक्तिगत स्टाटसहरू नहाल्नुहोस् । कसैले तपाईंलाई म्यासेज बक्समा नचाहिंदो कुरा लेखेर पठाउँछ र तपाईंको व्यक्तिगत इमेल ठेगाना माग्छ भने अस्विकार गर्नुहोस् र त्यसका बारेमा परिवारमा कुरा गर्नुहोस् ।

- तपाईं मोबाइल बोक्नुहुन्छ भने
  - ✓ अरूलाई पनि तपाईंले जे पायो त्यहि म्यासेज पठाउनु हुँदैन । तपाईंको मोबाइलमा जुन पायो त्यही म्यासेज आएमा त्यस्ता म्यासेजको उत्तर नगर्नुहोस् साथै त्यस्तो म्यासेजको बारेमा परिवारमा भन्नुहोस् ।
  - ✓ मोबाइलको व्याट्री सधैं पूरा चार्जको रूपमा राखौं, मोबाइलमा कुराकानी गर्न मिल्ने गरी पैसा राख्नुहोस्, जहाँ पाए त्यहीं आफ्नो मोबाइल नम्बर दिएर रकम ट्रान्सफर नगर्नुहोस् ।

सुरक्षित ढङ्गले हिंडडुल गर्ने, पढ्ने, खेल्ने र बाच्न पाउँने तपाईंको अधिकार हो । यौन दुर्व्यवहारमा बालबालिकाको दोष हुँदैन यसका विरूद्ध उजुरी गर्नहोस् ।

बालबालिकालाई जबरजस्ती, धम्काएर फकाएर तथा माया गरे जस्तो गरेर वा खेले जस्तो गरेर पनि यौन दुर्व्यवहार हुन

सक्छ । बालबालिकालाई यी सबै कुरा खेलेको हो वा माया गरेको हो वा दुर्व्यवहार हो भन्ने थाहा नहुन सक्छ । यस्ता कुरामा बालबालिकाको दोष हुँदैन । यसमा मुख्य दोषी दुर्व्यवहार गर्ने व्यक्ति नै हुन्छ । यौन दुर्व्यवहारको शारीरिक मानसिक तथा भावनात्मक असरहरू तत्काल मात्र नभई पछिसम्म पनि पर्न सक्छन् । त्यसैले यो समस्यालाई नलुकाउँ र यसलाई आफ्नो विश्वसनीय व्यक्ति, साथी, शिक्षक वा परिवारका सदस्यहरूलाई यसका बारेमा निर्धकसँग भन्नुहोस् ।

**सम्बन्धित निकायमा उजुरी गर्ने अधिकार तपाईंमा छ ।**

साथीभाइ, परिवार, शिक्षक, गाउँ बालसंरक्षण समिति, गाँउमा अवस्थित महिला तथा आमा समूह तथा अन्य सङ्घ संस्थाको सहयोगमा उजुरी गर्न सक्नुहुन्छ ।

**आफू र आफूजस्तै साथीभाइमा यौन दुर्व्यवहार तथा हिंसा भएमा कहाँ उजुरी गर्ने ?**

तपाईंले उजुरी गर्नुपर्छ भन्ने कुरा थाहा पाइसक्नुभएको छ । यसरी उजुरी गर्ने धेरै ठाउँहरू छन् । सबभन्दा पहिला त तपाईंमाथि भएको घटनाको आफू नजिकैको, मनले खाएको तपाईंका सहयोगी साथी, बुबाआमा तथा शिक्षकलाई तुरून्त भनिहाल्नुहोस् ।

- ✓ आफ्नै टोल छिमेक र विद्यालयमा बालसंरक्षण समितिहरूले कार्य गरिरहेका हुन्छन् । सो ठाउँमा राखिएका उजुरी पेटिकामा तपाईं आफ्नो उजुरी हाल्न अर्थात् सिधै गएर भन्न सक्नुहुन्छ ।
- ✓ नजिकैको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नुहुनेछ ।
- ✓ नजिकमा रहेका बालबालिकाका क्षेत्रमा काम गर्ने सङ्घ संस्थामा खबर गर्न सक्नुहुनेछ ।
- ✓ अहिले विभिन्न स्थानमा सामुदायिक प्रहरीहरू पनि छन्, उहाँहरूसँग पनि तपाईंले सम्पर्क गर्न सक्नुहुनेछ ।
- ✓ जिल्ला बालकल्याण समितिमा बाल अधिकार अधिकृत हुनुहुन्छ । उहाँ मार्फत् तपाईंले जिल्ला बालकल्याण समिति तथा महिला तथा बालबालिका कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

| |
|---|
| जिल्ला बालकल्याण समिति, काठमाडौं<br>फोन नं : ०१-४२२८००६<br>इमेल : kathmandu@ccwb.gov.np |
| सिविस, बुद्धनगर, काठमाडौं<br>फोन नं : ०१-४७८४५४५<br>इमेल : info@cwish.org.np |

यौन दुर्व्यवहार तथा बालबालिकामाथि कुनै हिंसा भएमा
नेपाल सरकारले सञ्चालन गरेको बाल हेल्पलाइन १०९८, नेपाल प्रहरीको १००,
बालबालिका खोजतलास समन्वय केन्द्र १०४
वा सिविस संस्थाले सञ्चालन गरेको १६६०-०१-१०००० तथा अन्य सङ्घ संस्थाले
सञ्चालन गरेका हटलाइनमा फोन गर्न सक्नुहुनेछ । यी नम्बरहरूमा फोन गर्दा पैसा तिर्नु पर्दैन ।

**जिल्ला बालकल्याण समिति, काठमाडौं**

**सिविस**